# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०४, संख्या ०७, मकवानपुर, असोज ३० गते, २०७७ साल


## भाग २

राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# खरको छाना प्रतिस्थापन गर्ने कार्यविधि, २०७७

संवत् २०७७ सालको कार्यविधि नं. ५०

# खरको छाना प्रतिस्थापन गर्ने कार्यविधि, २०७७

**प्रस्तावना :** राक्सिराङ्ग गाउँपालिका क्षेत्रभित्र विपद् जोखिमको दृष्टिकोणले अति जोखिममा रहेका एकल महिला, अपांगता भएका व्यक्ति तथा विपन्न वर्गको खरको छाना विस्थापन गरी जस्ता वितरण गर्न वाञ्छनीय भएकोले राक्सिराङ्ग गाउँ कार्यपालिकाको २०७७।०६।२६ गते बसेको ५१ औं बैठकले यो कार्यविधि स्वीकृत गरि जारी गरेको छ ।

## भाग: १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "खरको छाना प्रतिस्थापन गर्ने कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि राक्सिराङ्ग गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "छानौट समिति" भन्नाले दफा ५ वमोजिम गठित समितिलाई सम्भिनु पर्दछ ।

(ख) "एकल महिला" भन्नाले संघीय सरकारले सामाजिक सुरक्षा भत्ता वितरण प्रयोजनको लागि परिभाषित गरिएका एकल महिलालाई सम्भिनु पर्दछ ।

(ग) "अपांगता भएका व्यक्ति" भन्नाले राक्सिरा¨ गाउँपालिकाको अपांगता परिचय पत्र वितरण कार्यविधि अनुसार पूर्ण अशक्त र अति अशक्त वर्गमा पर्ने अपांगता भएका व्यक्तिलाई सम्भनु पर्दछ ।

(घ) "विपन्न वर्ग" भन्नाले राजनैतिक, आर्थिक तथा सामाजिक दृष्टिकोणले पछि परेका व्यक्ति वा समूहलाई सम्झनु पर्दछ ।

(ङ) "गाउँ कार्यपालिका" भन्नाले राक्सिराङ्ग गाउँ कार्यपलिाका सम्झनु पर्दछ ।

## भाग: २

## माग संकलन सम्वन्धी व्यवस्था

३. **निवेदन आब्हान गर्ने :** (१) गाउँ कार्यपालिकाको कार्यालयले वडा कार्यालय मार्फत खरको छाना भएका एकल महिला, अपांगता भएका व्यक्ति तथा विपन्न वर्गबाट माग संकलन गर्न ३० दिनको सूचना आब्हान गर्नेछ ।

४. **निवेदनसाथ पेश गर्नुपर्ने कागजात :** (१) माग संकलनको लागि गाउँ कार्यपालिकाको कार्यालयले आब्हान गर्ने सूचनामा मागकर्ताको अनुसूचि १ को निवेदन सहित देहायका कागजात समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

क. आफू वसोवास गरेको वडामा न्यूनतम ५ वर्षदेखि वसोवास गरेको खुल्ने प्रमाण वा निस्सा,

ख. सम्वन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको प्रमाण वा निस्सा,

ग. एकल महिलाले पतिको मृत्यु दर्ताको प्रमाणपत्रको नक्कल वा एकल महिला खुल्ने प्रमाण वा कागजात,

घ. अपांगता भएको व्यक्तिले अपांगता खुल्ने परिचयपत्र वा प्रमाणपत्र,

ङ. विपन्न वर्गले के, कुन आधारमा विपन्न हो ? सो स्पष्ट खुल्ने कागजात वा निस्सा वा वडा कार्यालयको विपन्न हो भन्ने सिफारिस पत्र,

च. सम्वन्धित वडा कार्यालयमा निज नियमित वसोवास गरेको हो भन्ने व्यहोराको वडा कार्यालयको सिफारिस पत्र ।

## भाग: ३

## छनौट तथा कार्यान्वयन प्रकृया सम्बन्धी व्यवस्था

५. **छनौट समिति :** (१) गाउँ कार्यपालिकाको सूचना वमोजिम वडा कार्यालयहरु मार्फत संकलन भएका निवेदन उपर आवश्यक जाँचवुझ गरी गाउँ कार्यपालिकामा नामावली सिफारिस गर्न देहायको छनौट समिति रहनेछ ।

क. पूर्वाधार विकास समितिको संयोजक -संयोजक

ख. गाउँ कार्यपलिकाले छनौट गरेका एकजना महिला सहित तीन जना कार्यपालिका -सदस्य

ग. पूर्वाधार/योजना विकास शाखा प्रमुख -सदस्य सचिव

(२) समितिले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, गाउँ कार्यपालिका वा गाउँ सभा सदस्य वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले गाउँ कार्यपालिकाको निर्देशनमा आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

६. **छनौट समितिको काम, कर्तव्य र अधिकार :** छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क. खरको छाना प्रतिस्थापन गर्नको लागि माग निवेदन संकलन गर्ने, गराउने ।

ख. प्राप्त माग निवेदन उपर अध्ययन तथा जाँचवुझ गर्ने ।

ग. अन्तिम नामावली तयार गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

घ. आवश्यक देखिएमा गाउँपालिका र वागमति प्रदेश सरकारका अतिरिक्त अन्य सरकारी वा गैर सरकारी निकायहरुमार्फत श्रोतको व्यवस्थापन गर्ने, गराउने ।

ङ. गाउँ कार्यपालिकाको प्रत्यक्ष रेखदेख र निर्देशनमा रहेर अन्य कार्य गर्ने, गराउने ।

७. **छनौटका आधार तथा प्राथमिकता :** (१) समितिले देहाय वमोजिम छनौटका आधार तथा प्राथमिकता निर्धारण गर्नुपर्नेछ ।

क. एकल महिला,

ख. अपांगता भएका व्यक्ति वा परिवार,

ग. दलित समुदाय तथा विपन्न वर्ग,

घ. अन्य ।

८. **कार्यान्वयन प्रकृया :** (१) निवेदकको मागको आधारमा गाउँ कार्यपालिकाको कार्यालयले खटाएको प्राविधिक लागत अनुमान अनुसार जस्ता, प्लेनसिट, किल्ला काँटी समेत खरिद गरी कार्यालयले उपलब्ध गराउनेछ ।

(२) यसरी जस्ता उपलब्ध गराउँदा मागकर्ताको सम्वन्धित वडाको केन्द्रसम्म पुर्‍याई हस्तान्तरण गर्ने दायित्व गाउँ कार्यपालिकाको कार्यालयको हुनेछ ।

## भाग: ४

## विविध

९. **गुनासो वा उजुरी गर्न सक्ने :** (१) छनौट समितिले गरेको सिफारिस उपर चित्त नवुझेमा कुनैपनि स्थायी वासिन्दाले गाउँपालिका दफा १० वमोजिमको गुनासो सुनुवाई समिति समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गुनासो परेमा वा उजुरी आएमा गुनासो व्यवस्थापन समितिले सो को यथार्थ छानविन

गरी समितिको रायसहितको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

१०. **गुनासो व्यस्थापन समिति :** (१) दफा ९ बमोजिम गुनासो वा उजुरी छानविन गर्न देहायको गुनासो व्यवस्थापन समिति रहनेछ,

(क) गाउँपालिका उपाध्यक्ष — संयोजक

(ख) गाउँ कार्यपालिकाले तोकेको एकजना महिला सहित दुई जना — सदस्य

(ग) सम्वन्धित वडाको प्राविधिक कर्मचारी — सदस्य

(घ) कानुनी सहजकर्ता — सदस्य सचिव

(२) गुनासो व्यवस्थापन समितिले पेश गरेको प्रतिवेदनमा यर्थाथ अन्याय भएको लागेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।

११. **वाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अडकाउ आएमा सो वाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

१२. **शंसोधन गर्न सक्ने :** यो कार्यविधिमा समायानुकुल संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

# अनुसूची-१
## (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
## गाउँपालिकामा दिने निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
राक्सिराङ्ग गाउँपालिका ।

महोदय,

खरको छाना प्रतिस्थापन गर्ने कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) बमोजिम मैले जस्ताको छाना छाउने कार्यको लागि संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छुँ । साथै मैले यस भन्दा अघि सोही कार्यको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कुनै अनुदान लिएको छैन । झुट्टा ठहरीए प्रचलित कानून बमोजिम कारवाही भोग्न मेरो मञ्जुर छ ।

१. नाम, थर :-........................................

२. लिङ्ग :- क) पुरुष ख) महिला ग) एकल महिला घ) अन्य

३. पारिवारिक विवरण :-

अ) बर्ग/समूह :- (तपाई आफूलाई कुन बर्ग/समूहमा राख्न रुचाउनु हुन्छ ? छान्नुहोस्)

| क) आदिबासी जनजाती | ख) दलित | ग) वैश्य | घ) मुसलमान | ङ) ब्राम्हण | च) क्षेत्री | छ) मधेशी | ज) अन्य |
|---|---|---|---|---|---|---|---|

आ) अपांगता :- हो ☐ होईन ☐ हो भने प्रकार खुलाउने:

इ) लोपोन्मुख जनजाती :- हो ☐ होईन ☐

ई) सीमान्तकृत जनजाती :- हो ☐ होईन ☐

सीमान्तकृत हो भने अतिसीमान्तकृत वर्ग :-हो होईन

उ) परिवारको संख्या:- जम्मा :-...... महिला :-....... पुरुष :-.......

१८-५९ उमेर समुहको सदस्य संख्या :-........................

ऊ) परिवारमा अपाङ्गता भएका सदस्य :- छ ☐ छैन ☐
(यदि छ भने उल्लेख गर्नुहोस)

१. नामः-......................उमेरः-.......वर्ष शक्तताको प्रकृति( पूर्ण/अशक्त/अति अशक्त/मध्यम/सामान्य)

२. नामः-......................उमेरः-.......वर्ष शक्तताको प्रकृति( पूर्ण/अशक्त/अति अशक्त/मध्यम/सामान्य)

ए) निवेदक एकल महिला, अपांगता भएको व्यक्ति, दलित, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, उत्पिडि वर्ग, पिछडा वर्ग, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न उल्लेख गर्ने ।

४. स्थायी ठेगना :-प्रदेशः- ............... जिल्ला :-................. न.पा./गा.पा.:- ............... वडा नं. :-......

५. अस्थायी ठेगना :-प्रदेशः- ............... जिल्ला :-................. न.पा./गा.पा.:- ............... वडा नं. :-......

६. सम्पर्क विवरण (उपलब्ध भएसम्म) फोन/मोवाईल नं.:-.............. ईमेल :-......................

७. खरको छानाको घर निर्माण भएको वर्ष :-
क) खरको छान विस्थापन गर्न अनुमानित आवश्यक विवरण
१) ..................................................
२) ..................................................
३) ..................................................

८. संलग्न कागजात :-
क) लाभग्राहीको नागरिकताको प्रतिलिपि ।
ख) आफ्नो नाउँको जग्गामा घर भएको लालपूर्जाको प्रतिलिपि ।

९. यसमा लेखीएको ब्यहोरा ठिक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदन दिने लाभग्राही वा घरधुरी ब्यक्तिको**

नामः- ............................................
हस्ताक्षर :- .....................................
मिति :- ..........................................

**आज्ञाले**
**युवराज आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु १० मात्र ।**